फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)
शिक्षा तथा खेलकुद शाखा

फोन नं. ०१-४४५१८८६
ईमेलः kageshworieducation@gmail.com

प.सं. : २०७८।०७९
च.नं. : 306

मिति: २०७८।०४।२२

**विषय : एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन सम्बन्धमा।**

श्री प्रधानाध्यापकज्यू,
सबै सामुदायिक विद्यालयहरू,
कागेश्वरी मनोहरा नगरपालिका,
काठमाण्डौं।

प्रस्तुत विषयमा, यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानबाट तलव भत्ता पाउने प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तह(कक्षा ९ र १०)मा कार्यरत स्थायी,अस्थायी र राहत शिक्षकहरूले नगरपालिकाबाट स्वीकृत स्पेशिफिकेशन अनुसारको ल्यापटप शिक्षण सिकाईसमेतमा प्रयोग गर्ने गरी लागत साझेदारीमा खरिद गर्न चाहेमा प्रति शिक्षक ल्यापटप खरिदका लागि अधिकतम् रू ४०,०००।–(चालीस हजार रूपैया)मा नबढ्ने गरी खरिद मूल्यको ५०% रकम उपलब्ध गराउने र त्यसरी खरिद गरेको ल्यापटप शिक्षक जुन सुकै कारण (सरूवा वढुवा वा अवकास) बाट विद्यालय छाडेमा पनि शिक्षकले निजी रूपमा प्रयोग गर्न सक्ने गरी यस नगरपालिकाको पाँचौ नगर सभाबाट कार्यक्रम तथा बजेट पारित गरेको व्यहोरा सबैमा अवगत नै छ।

प्रस्तुत सन्दर्भमा लागत साझेदारीमा ल्यापटप खरिद गरी विद्यालयको शिक्षण सिकाईसमेतमा प्रयोग गर्न ईच्छुक शिक्षकले प्रचलित कानून बमोजिम नगरपालिकाबाट स्वीकृत स्पेशिफिकेशन अनुसार रित पूर्वक खरिद गर्दा लागत मूल्यमा पाँचौ नगर सभाबाट स्वीकृत रकम वाहेकको बढी लागत रकम शिक्षक स्वयमको मासिक तलव भत्ताबाट कट्टा गर्ने मञ्जुरी भएको व्यहोरा उल्लिखित हस्तलिखित निवेदन सम्बन्धित विद्यालयहरू मार्फत सङ्कलन गर्ने र सो विवरणका आधारमा प्रचलित कानून बमोजिम खरिद प्रकिया अगाडी बढाउने व्यहोरा उल्लिखित मिति २०७८।०४।१९ मा (नगरप्रमुखस्तरीय) निर्णय भएकोले उक्त निर्णय बमोजिम सम्बन्धित सबै ईच्छुक शिक्षकहरूबाट मिति २०७८ साल भाद्र ०५ गतेसम्ममम्मा नगरपालिकाको सूचना तथा प्रविधि शाखामा निवेदन पेस गर्नुहुन सूचित गरिन्छ। साथै यस कार्यक्रम सम्बन्धी थप जानकारी आवश्यक परेमा नगरपालिकाको सूचना तथा प्रविधि शाखामा सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ।

(विमल प्रसाद निरौला) 4/22
शाखा अधिकृत (आठौ तह)

**बोधार्थ**
श्रीमान् नगर प्रमुखज्यू, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।
श्री योजना शाखा, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।
श्री सूचना तथा प्रविधि शाखा, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।